आज मिति २०८२ साल जेठ १४ गते बुधवारको दिन जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवम् श्रीमान प्रमुख जिल्ला अधिकारी माधव प्रसाद पोखरेलज्यूको अध्यक्षतामा राइनास नगरपालिकाको सभाहलमा देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी निम्न निर्णयहरु गरियो।

देहायः

| क्र.स. | पद | नामथर | निकायको पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष | माधव प्रसाद पोखरेल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| २. | सदस्य | पूर्ण बहादुर गुरुङ | प्रमुख | जिल्ला समन्वय समिति | |
| ३. | सदस्य | गुमान सिं अर्याल | नगर-प्रमुख | बेसीशहर नगरपालिका | |
| ४. | सदस्य | | | मध्यनेपाल नगरपालिका | |
| ५. | सदस्य | खड्ग बहादुर गुरुङ | नगर-प्रमुख | राइनास नगरपालिका | |
| ६. | सदस्य | कृष्ण प्रसाद कोइराला | -"- | सुन्दरबजार नगरपालिका | |
| ७. | सदस्य | सूर्य प्रसाद गुरुङ | अध्यक्ष | क्व्होलासोथार गाउँपालिका | |
| ८. | सदस्य | धन प्रसाद गुरुङ | -"- | दुधपोखरी गाउँपालिका | |
| ९. | सदस्य | युवराज अधिकारी | | दोर्दी गाउँपालिका | |
| १०. | सदस्य | | | मर्स्याङ्दी गाउँपालिका | |
| ११. | सदस्य | मनोज कुमार थापा | सेनानी | चण्डी प्रसाद गण | |
| १२. | सदस्य | रेशम बोहरा | प्रहरी नायब उपरीक्षक | जिल्ला प्रहरी कार्यालय | |
| १३. | सदस्य | दिपक पुरी | स. प्र. ना. उ. | सशस्त्र प्रहरी बल नेपाल | |
| १४. | सदस्य | विष्णु हरि पण्डित | प्र. अ. अ. | राष्ट्रिय अनुसन्धान | |
| १५ | सदस्य | | | अन्नपूर्ण संरक्षण क्षेत्र ACAP | |
| १६ | सदस्य | | | संघीय खानेपानी तथा ढल आयोजना | |
| १७ | सदस्य | सतिस सुवेदी | प्रमुख | डुम्रे बेसीशहर चामे सडक योजना | |
| १८ | सदस्य | विवेक सिग्देल | नि. का. प्रमुख | पुर्वाधार विकास कार्यालय | |
| १९ | सदस्य | विष्णु हरि अधिकारी | -"- | जलश्रोत तथा सिंचाई वि.डि.का | |
| २० | सदस्य | अनिल सुवेदी | प्रमुख | प्रदेश खानेपानी तथा सरसफाई डि. कार्यालय, ईकाइ कार्यालय | |
| २१ | सदस्य | | | डिभिजन वन कार्यालय | |
| २२ | सदस्य | मिना कुमारी थापा | का. प्रमुख | सामाजिक विकास कार्यालय | |
| २३ | सदस्य | | | उद्योग तथा पर्यटन कार्यालय | |
| २४ | सदस्य | | | प्रदेश अस्पताल लमजुङ | |
| २५ | " | | | मध्यमर्स्याङ्दी ज.वि.केन्द्र | |
| २६. | " | दिपक व. बोम्जन | | स्वास्थ्य कार्यालय | |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | सदस्य | तेज नारायण श्रेष्ठ | सहायक प्र. कार्यालय | विद्युत प्राधिकरण, लमजुङ वितरण केन्द्र | [signature] |
| २८ | सदस्य | | | नेपाल टेलिकम | |
| २९ | सदस्य | | | नेपाली कांग्रेस | |
| ३० | सदस्य | रामचन्द्र भट्ट | जिल्ला कमिटि सदस्य | नेकपा एमाले | [signature] |
| ३१ | सदस्य | चन्द्रकान्त न्यौपाने | प्रदेश कमिटि सदस्य | नेकपा (माओवादी केन्द्र) | [signature] |
| ३२ | सदस्य | | | राष्ट्रिय स्वतन्त्र पार्टी | |
| ३३ | सदस्य | | | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| ३४ | सदस्य | | | नेकपा (एकिकृत समाजवादी) | |
| ३५ | सदस्य | शर्मिला गुरुङ | अध्यक्ष | गैर सरकारी महासंघ | [signature] |
| ३६ | सदस्य | सन्देश पौडेल | अध्यक्ष | पत्रकार महासंघ | [signature] |
| ३७ | सदस्य | शम्भु कडरिया | कार्य समिति सदस्य | उद्योग वाणिज्य संघ | [signature] |
| ३८ | सदस्य सचिव | यामन सिंह गौतम | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय लमजुङ | |

<u>अन्य उपस्थितिः</u>

| क.स. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | घनेश्वर पौडेल | प्र.प्र.अ. | राइनास न.पा. | [signature] |
| २ | रमेश घर्ती | -"- | सुन्दरबजार न.पा | [signature] |
| ३ | सुदिप खतिवडा | प्रमुख | कृषिज्ञान केन्द्र | [signature] |
| ४ | डा. सुशिल न्यौपाने | -"- | भेटेरी अ.तथा प. नि. | [signature] |
| ५ | हेमन्त श्रेष्ठ | प्रमुख | नमुना सा. अ.न. | [signature] |
| ६ | हेमराज विमली | -"- PC | RCDC, लमजुङ | [signature] |
| ७ | तुल बहादुर वि.क | व.प्र.अ | राइनास न.पा | [signature] |
| ८ | ~~रमेश घर्ती~~ सिर्जना देवकोटा | स्व.प्र.अधिकृत | " | [signature] |
| ९ | नारद अधिकारी | व.प्र.ना. | " | [signature] |
| १० | होम बहादुर अधिकारी | प्रशासकीय अधिकृत | मध्य नेपाल गा.पा. | [signature] |
| ११ | विवेक थापा | प्र.स.अ | प्रहरी ... | [signature] |
| १२ | सुवास सिग्देल | प्रमुख | CTEVT. | [signature] |
| १३ | कुमार अर्याल | सचिव ... | ... | [signature] |
| १४ | विवेक घिमिरे | सब-इन्जिनियर | ... | [signature] |
| १५ | | | | |

निर्णयहरु:

१. अघिल्लो वैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो। कार्यान्वयन गर्न वाँकी निर्णयहरुलाइ यथाशिघ्र कार्यान्वयन गर्ने ।

२. जिल्ला विपद् प्रतिकार्य योजना -२०८२ संसोधन सहित अनुमोदन गर्ने र सोको छपाई कार्यको लागि ग्रामिण सामुदायिक विकास केन्द्र लमजुङलाई अनुरोध गर्ने। स्थानीय विपद् व्यवस्थापन समिती लगायतका सबै सरोकारवाला निकाय र संयन्त्रले आपसी समन्वयमा उक्त योजना कार्यान्वयन गर्ने गराउने गर्ने ।

३. लमजुङ जिल्लास्थित सवै स्थानीय तहले मनसुनको समयमा हुनसक्ने तथा अन्य विविध किसिमका विपद्‌को घटनावाट हुनसक्ने संभावित जोखीम/क्षति न्युनिकरण गर्न विपद्‌का घटनाहरुमा आवश्यक राहत उद्धारका सामग्रीहरु पर्याप्त मात्रामा खरिद गरी व्यवस्थापन गर्ने। विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको आपसी समन्वय तथा सहयोगमा स्थानीय तहमा विपद् पुर्वसुचना तथा पुर्वचेतना प्रणाली स्थापना तथा संचालनको कार्यको लागि यस समितीमा अनुरोध भएकोमा सोको व्यवस्थापन स्थानिय तहले गर्ने ।

४. वेसीशहर नगरपालिकाको चलानी नम्बर २३८२, मिति २०८२/०१/२१ गतेको पत्रानुसार वेसीशहर नगरपालिका वडा नं. ६ निवासी थम्मसिंह भन्ने बावुराम बोहरालाई NDRRMA MIS मा लाभग्राही कायम गर्ने।

५. वेसीशहर नगरपालिकाको चलानी नम्बर ९३३, मिति २०८१/११/०६ गतेको पत्रानुसार वेसीशहर नगरपालिका वडा नं. १० निवासी शंसेर वहादुर राउतलाई लाभग्राही कायम गर्नको लागि वेसीशहर नगरपालिकासंग समन्वय गरी स्थलगत रुपमा अनुगमन निरीक्षण गरी लाभग्राही कायमको लागि प्रक्रिया अघि वढाउने।

६. सुन्दरबजार नगरपालिकाको चलानी नम्बर २५३५, मिति २०८२/०१/०८ गतेको रकम भुक्तानी पत्रानुसार स्थानीय विपद् व्यवस्थापन समितिबाट अनुमोदन भई आएका १७ लाभग्राहीहरुलाई NDRRMA MIS मा अनुमोदन गरी पहिलो किस्ता वापतको रकम भुक्तानी गर्ने प्रक्रिया अघि वढाउने।

७. क्व्होलासोथार गाउँपालिकाको चलानी नम्बर ६७६, मिति २०८२/०२/१३ गतेको पत्रानुसार क्व्होलासोथार गाउँपालिका वडा नं. ३ बगुमका तपसिलका घर परिवारलाई NDRRMA MIS मा लाभग्राही कायम गर्ने।

तपसिल:

| क्र.स. | नामथर | ठेगाना | कैफियत | निस्सा नं. |
|---|---|---|---|---|
| १ | चित्र घले | क्व्होलासोथार३- | पुननिर्माण | १३६२-८-१ |
| २ | लिल कुमारी गुरुङ | क्व्होलासोथार३- | पुननिर्माण | १३६२-८-२ |
| ३ | निरज गुरुङ | क्व्होलासोथार३- | पुननिर्माण | १३६२-८-३ |
| ४ | शेष वहादुर गुरुङ | क्व्होलासोथार३- | पुननिर्माण | १३६२-८-४ |
| ५ | अमर वहादुर गुरुङ | क्व्होलासोथार३- | पुननिर्माण | १३६२-८-५ |
| ६ | रेल वहादुर गुरुङ | क्व्होलासोथार३- | पुननिर्माण | १३६२-८-६ |
| ७ | होम बहादुर गुरुङ | क्व्होलासोथार३- | पुननिर्माण | १३६२-८-७ |
| ८ | चन्द्र राज गुरुङ | क्व्होलासोथार३- | पुननिर्माण | १३६२-८-८ |

प्रमुख जिल्ला अधिकारी

८. दोर्दी गाउँपालिकाको चलानी नम्बर १२६२, मिति २०८२/०१/३० गतेको पत्रानुसार दोर्दी गाउँपालिका वडा नं.९ निवासी रामकाजी सुनार र दिलराम सुनारको घर अविरल बर्षाको कारण पहिरो आई क्षतिपुगेको हुँदा, NDRRMA MIS मा लाभग्राही कायम गर्ने।

९. विपद् प्रभावित निजी आवास प्रबलिकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि,२०८१ अनुसार लाभग्राही पहिचान, NDRRMA MIS System संचालन, भुक्तानी प्रक्रिया लगायतका विभिन्न विषयमा सहजीकरणका लागि जिल्ला प्रशासन कार्यालयका विपद् शाखा र लेखा शाखा हेर्ने कर्मचारी एवं सबै पालिकाका विपद् फोकल प्राविधिक कर्मचारीहरुलाई अभिमुखीकरण तालिम संचालनका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय गण्डकी प्रदेश लाई अनुरोध गर्ने।

१०.मिति २०८१/०९/२५, चलानी नम्बर १४७/मुद्दा को पत्रानुसार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र मिति २०८१/०९/२५, चलानी नम्बर १४८/मुद्दा शाखाको पत्रानुसार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई ३१ घरपरिवारको पुनर्निर्माणको लागि आवश्यक पर्ने रकम माग भएकोमा, सो को हालसम्म पनि प्राप्त नभएको हुँदा पुनः ताकेता गर्ने ।

११.मध्यपहाडी लोकमार्गको मध्यनेपाल नगरपालिका खण्डमा रहेको पिस्तिखोलामा हाल मोटरेबल पुल नभएको र मनसूनको समयमा उक्त खोलामा आउने वाढीको कारणले सो मार्ग भएर हिंडडुल तथा यातायातका साधन आवतजावतमा हुनसक्ने कठिनाइ तथा संभावित विपद् वाट हुनसक्ने सडक अवरोध हटाउनको लागि सम्बन्धित मध्यपहाडी लोकमार्ग आयोजना पालुङटार गोरखाले अस्थायी बेलि ब्रिज राख्ने व्यवस्था तत्काल मिलाउने। साथै मध्य पहाडी लोकमार्गको लमजुङको चेपेखोला देखि रामवजार क्षेत्र भित्रको खण्डमा मनसूनजन्य विपद्को जोखिम बढी भएको क्षेत्रमा हेभी इक्युपमेन्ट (डोजर/स्काभेटर) तयारी अवस्थामा राख्ने व्यवस्था सम्बन्धित आयोजना कार्यालयले मिलाउने।

१२.मनसूनको समयमा नदी तथा खोलामा हुने वहावको कारण घट्न सक्ने विपद्का घटनाहरु बस्ती डुवान, बाढी, पहिरो र जनधनको क्षतिलाई न्युनीकरण गर्नको लागि नदीको माथिल्लो तथा तल्लो तटीय क्षेत्रमा रहेका सवै हाईड्रोपावर आयोजनाहरु वीच जो जे सुचनाहरु आदानप्रदान गर्ने हो सो समयमै (Real Time) समन्वय गर्ने तथा आयोजनासँग भएका विपद् उद्धारका सामाग्री र उपकरणहरु लगायत जिल्ला विपद् व्यवस्थापन समितिवाट अनुरोध भइ आएमा समयमै उपलब्ध गराइ सहयोग गर्ने।

१३.डुम्रे वेसीशहर चामे सडकको लमजुङ खन्डमा मनसूनको समयमा हुनसक्ने वाढी पहिरो लगायतका विपद्का घटनाका कारण सडक पुरिने, भासिने तथा लेदो ग्रेगर आइ हुनसक्ने सडक तथा सवारी आवतजावत अवरोध हटाउनको लागि हेभी इक्युपमेन्ट (डोजर स्काभेटर लगायत) तयारी अवस्थामा राख्ने व्यवस्था सम्बन्धित आयोजनाले मिलाउने।

१४.जिल्ला भित्रका मुख्य सडकमा हुन सक्ने सम्भावित अवरोधलाई मध्येनजर गरी वैकल्पिक सडकहरुको मर्मत सुधारको लागि सम्बन्धित स्थानीय तह, पुर्वाधार विकास कार्यालय, डुम्रे बेसीशहर चामे सडक योजना, मध्यपहाडी लोकमार्ग आयोजना, शहरी विकास तथा भवन निर्माण कार्यालय र स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय (LIDPO) लगायत भौतीक पुर्वाधारसँग सम्वन्धित आयोजना कार्यालयहरुले आवश्यक पहल गर्ने।

१३

प्रमुख जिल्ला अधिकारी

CamScanner

१५. पूर्वाधार विकास कार्यालयले बेसीशहर नगरपालिका वडा नं.६ स्थितको पुमाभिर क्षेत्रको संभावित पहिरो पश्चातको सडक अवरोध हटाउन सम्बन्धित स्थानिय तहसँग आवश्यक समन्वय गरी सडक सुचारु गर्न पहल गर्ने र हेभी इक्युपमेन्ट उपलब्ध नभएको खण्डमा नियमानुसार निजी मेसीन भाडामा समेत लिई समयमा नै सडक सुचारु हुने व्यवस्था मिलाउने।

१६. पूर्वाधार विकास कार्यालयको आयोजना अन्तर्गत बेसीशहर — बाँझाखेत जोड्ने मोटरपुल र सिङ्दी पसगाउँ जोड्ने सडकमा हुनसक्ने जोखिम र क्षतिलाई मध्यनजर गरी समाधानको लागि पहल गर्ने।

१७.जिल्लामा रहेका राइनासटार सिंचाई आयोजना, हाँडेटार सिंचाई आयोजना लगायत विभिन्न सिंचाई तथा खानेपानी सम्वन्धित आयोजनामा मनसूनका कारण हुन सक्ने संभावित अवरोध हटाउन सम्बन्धित आयोजनाको उपभोक्ता समिति, पुर्वाधार सँग सम्वन्धित जिल्लास्थित कार्यालय र स्थानीय तहवीच आवश्यक समन्वय गरी काम गर्ने ।

१८.जिल्ला सुरक्षा समिति लमजुङको समन्वयमा विपद उद्धारकर्ता स्वयंसेवक (First Responder) तयार गर्न तालिमको लागि आवश्यक बजेट तथा कार्यक्रम सवै स्थानीय तहले आगामी बर्षको बजेटमा समावेश गर्ने व्यवस्था मिलाउने।

१९. जिल्लाको विभिन्न क्षेत्रमा नेपाल टेलिकमको नेटवर्क कमजोर भएका कारण विपद्को समयमा सञ्चार सहज नहुने हुँदा, हरेक स्थानीय तहले उक्त क्षेत्रको पहिचान गरी नेपाल टेलिकम लमजुङ शाखासंग आपसी समन्वय गरी टावर जडान र नेटवर्क क्षमता बृद्धि गर्नको लागि पहल गर्ने।

२०.सवै स्थानीय तहले स्थानीय सडक, कृषी सडक लगायत सडक संजालहरुमा वर्षातको समयमा आकस्मिक आउने भलको कारण हुनसक्ने सडक पुर्वाधार क्षतिलाई न्यूनीकरण गर्नको लागि नागरिकलाई समेत सचेत गराई स्थानीय स्रोत साधन र जनशक्तिको प्रयोग गरी नाला/भल/कुलोको व्यवस्थापन गर्ने।

२१. मनसूनजन्य विपद् वाट हुनसक्ने संभावित जोखिम तथा क्षती कम गर्न तथा नागरिकलाइ विपद् पुर्वतयारीका लागि नागरिक तथा समुदायस्तरवाट समेत सकृय रहन सरल र सहजरुपमा जानकारी दिनको लागि सवै स्थानीय तह तथा जिल्लास्थित कार्यालयले स्थानीय एफ एम रेडियो, पत्रपत्रिका, अनलाइन तथा सामाजिक संजाल मार्फत सुचना उपलब्ध गर्ने गराउने ।

२२. मिति २०८२/०२/०६ गते राइनास नगरपालिका वडा नं.७ निवासी सुवास नेपालीलाई उपलब्ध गराईएको राहत रकम रु १२,०००/- अनुमोदन गर्ने ।

प्रमुख जिल्ला अधिकारी